अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको बैठक

बैठक संख्याः७४
मितिः २०७६/०८/११
उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| | | | | |
| | | | | |

मिति २०७६/०८/१८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

१. नेपाल भ्रमण वर्ष,२०२० को अवसरमा यस अर्जुनधारा नगरपालिकाको भ्रमणका लागि यस नगरपालिकाको भगिनि सम्बन्ध स्थापना भएको संयुक्त अधिराज्य बेलायतको विल्भर ह्याम्पटन सिटि काउन्सिलका पदाधिकारीहरुलाई निमन्त्रणा गर्ने ।

२. अर्जुनधारा नगरपालिकामा मिति २०७६/०८/०८ मा आयोजना भएको सर्वपक्षीय बैठकबाट अर्जुनधारा नगरपालिकामा क्यान्सर अस्पताल निर्माण गर्न महाविर सेवा सदन,कलकत्तालाई अनुरोध गर्ने निर्णय भए अनुसार उक्त अस्पताल निर्माणका लागि महाविर सेवा सदन,कलकत्तालाई अनुरोध गर्ने ।साथै,उक्त अस्पताल निर्माण सहयोगार्थ प्रथम महिला शंकराचार्य जगतगुरु श्री हेमानन्द गिरीज्यू समक्ष समेत अनुरोध गर्ने ।

३. अर्जुनधारा नगरपालिकाका नदिहरुबाट नदिजन्य सामाग्री उत्खनन गरी राखेका सञ्चित सामाग्रीहरुको अनुगमन गर्ने,प्राविधिक नाँपजाँच गर्ने तथा सो सञ्चितिमा प्रदेश सरकारको प्रचलित दररेट अनुसार कर लगाउने ।

४. निवेदक झापा जिल्ला अर्जुनधारा नगरपालिका वडा नं ८ बस्ने वर्ष ८८ को प्रेमबहादुर श्रेष्ठ र प्रत्यार्थी अर्जुनधारा नगरपालिकाको कार्यालय समेत भएको उत्प्रेषण,परमादेश लगायतका उपयुक्त आदेश वा पुर्जी जारि गरी पाउँ भन्ने रिट नं ५६ को रिट निवेदनमा यस कार्यालयका नाममा मिति २०७६/०८/०८ गते म्याद तामेल भएकोमा अन्तरिम आदेशको छलफलका लागि यस नगरपालिका कार्यालयको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिई पठाउने ।

५. चालु आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत वडा नं २ को पैनीको मुहान सुचारु गर्न बिनियोजित बजेट रु ६ लाखलाई विपद् व्यवस्थापन शीर्षकमा रकमान्तर गरी स्थलगत सर्जमिन मुचुल्का तथा वडा कार्यालयको सिफारिस बमोजिम भुक्तानी गर्ने ।

६. नगरपालिकाको कार्यालयमा प्रयोग भई रहेका देहाय अनुसारका सफ्टवेयरबाट गरिने कार्य सम्पादनलाई अनुमोदन गर्ने ।

क.जनतासँग सरकार

ख.एकिकृत सम्पत्ति कर प्रणाली

ग.ई हाजिरी प्रणाली

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं.प्रदेश

७. यस नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनहरुमा व्यवसाय गर्ने व्यापारीहरुका भाडा तथा धरौटीका सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क.धरौटि बापत रु १ लाख ५० हजार मात्र राखेका व्यवसायीको धरौटि बापत रु ५० हजार कायम गरी बाँकी रकम रु १ लाख भाडामा मिलान गर्ने ।धरौटि बापत रु ५० हजार राखेका व्यवसायीको साविक बमोजिम नै गर्ने ।

ख.उपरोक्त बमोजिम भाडा मिलान गर्दा समेत बाँकी रहने भाडा अविलम्ब बुझाउन व्यवसायीलाई पत्राचार गर्ने ।

८. अर्जुनधारा नगरपालिकाका वडाहरुमा मिति २०७६/०८/२६ गते देखि ३० गते सम्म सम्बन्धित वडा कार्यालयहरुको अगुवाईमा प्रत्येक वडाहरुमा ५/५ वटा टोल विकास समिति गठन गर्ने ।

९. भ्वाइस अफ नेपाल सांगितिक प्रतियोगितामा टप ६ मा पर्न सफल अर्जुनधारा-१ निवसी बिकास लिम्बुको प्रचार प्रसारका लागि रु १,५०,०००/- (एक लाख पचास हजार ) सहयोग उपलब्ध गराउने ।

हरी कुमार राना मगर
नगर प्रमुख

१०.पशुपंक्षी पकेट प्याकेज कार्यक्रमलाई वृहत रुपमा सञ्चालन गर्न बजेट तथा श्रोतको कमि भएकाले सो कार्यक्रमलाई सहयोग गर्न प्रदेश सरकार ,भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा प्रस्ताव सहित बजेट माग गर्ने ।

११.अर्जुनधारा ८ स्थित खानेपानी टेंकिबाट नयाँ सब्जी बजार जाने सडकमा विद्युत विस्तार गरी ट्रान्सफर्मर जडान गर्न तथा निर्माणाधिन सबै मुख्य सडकहरका विद्युत पोल सार्न लागत स्टमेट अनुसारको रकम विनियोजन गर्ने ।

१२.अंर्जुनधारा नगरपलिका अन्तर्गतको वृक्षारोपण कार्यको लागि अर्जुनधारा ९ स्थित जग्गु नर्सरीसँग वार्षिक रु ५ लाख बराबरको फलफूल तथा मौलिक बिरुवा नर्सरी गर्ने सम्झौता गर्ने ।

१३.अर्जुनधारा नगरपालिका वडा नं १० को पञ्चकन्या मन्दिर परिसरमा रहेको सभाहलमा कार्पेट विच्छ्याउन भएको खर्च रु १,५७,०७२।२६ (एक लाख सन्ताउन्न हजार बहत्तर रुपैया छब्बिस पैसा ) भुक्तानी गर्ने ।

१४.मिति २०७६/०६/१२ को कार्यपलिका बैढकको निर्णयानुसार ग्यालेक्सी फिटनेसलाई उपलब्ध गराईएको आर्थिक सहायता संशोधन गरी रु २५,०००/- (पच्चिस हजार मात्र ) कायम गर्ने ।

१५.यशोधरा बौद्ध विहान (गुम्बा),शिवसताक्षी-१०,माइधार लाई रु २ लाख आर्थिक सहयोग उपलब्ध गराउने ।

१६.कप्तानबारी युवा क्लब अर्जुनधारा- ६ लाई फुटबल खेल सञ्चालनका लागि रु ५० हजार सहयोग उपलब्ध गराउने ।

१७.बालकल्याण प्राथमिक विद्यालय अर्जुनधारा-६ को प्राथमिक राहत दरबन्दी र श्री जुनकिरी प्राथमिक विद्यालय,अर्जुनधारा-११ को स्वीकृत दरबन्दी परस्पर साटासाट गर्ने सम्बन्धमा दुवै विद्यालयको व्यवस्थापन समितिको बैठकको निर्णयको प्रतिलिपी समेत संलग्न राखी लेखी आएको हुँदा उक्त राहत दरबन्दी र स्वीकृत दरबन्दी साटी उक्त पदमा कार्यरत शिक्षकहरुको अभिलेख सोही अनुसार मिलान गर्ने प्रयोजनका लागि शिक्षा विकास तथ समन्वय इकाइ,झापा समक्ष अनुरोध गर्ने ।

१८.शनिश्चरे खुदुनाबारी सडक खण्ड निर्माणका लागि लागत स्टमेट अनुसार अपुग रकम प्रदेश सरकार समक्ष माग गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख